मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

प.सं. : २०८२।२०८३
च.नं. :

मिति : २०८२।१२।३०

## व्यक्तिगत घटना दर्ता सप्ताहको सन्दर्भमा मनराशिसवा नगरपालिकाको

## सूचना

वि.सं.२०८३ साल वैशाख १ गते देखि ७ गते सम्म देशै भरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य भईरहेको छ। जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु घटना घटेको पैंतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं, गराऔं। साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरक परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्वन्धित व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ।

व्यक्तिगत घटना दर्ता किन गर्ने?

- बालबालिकालाई विद्यालय भर्ना गर्न
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नाबालक परिचयपत्रको बनाउन
- बैंकमा खाता खोल्न र
- राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैंतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेबार नागरिकको परिचय दिऔं।

थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय तथा नगरपालिका स्थित सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

विजय नारायण ठाकुर
नि.प्रमुख प्रशासकीय अधिकृत